मिति: २०८२/०५/११

**General Practice and Emergency Medicine Association of Nepal (GPEMAN)**

## कार्यकारिणी समितिको निर्वाचन सम्बन्धी अत्यन्त जरुरी सूचना

GPEMAN कार्यकारिणी समिति (२०८२-२०८५) का लागि अध्यक्ष, वरिष्ठ उपाध्यक्ष, उपाध्यक्ष, महासचिव, सह- महासचिव, कोषाध्यक्ष, सह-कोषाध्यक्ष तथा ४ (चार) जना सदस्यहरूको निर्वाचन कार्यक्रम तल उल्लेख गरिएको छ। यस सम्बन्धमा सम्पूर्ण सरोकारवालालाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको हो।

**निर्वाचन कार्यक्रम**

१. GPEMAN कार्यकारिणी समितिले उपलब्ध गराएको नेपाली साधारण सदस्यहरूको नामावलीको आधारमा मतदाता नामावली प्रकाशन: २०८२ भाद्र १३ गते।

२. मतदाता नामावलीमा रहेका नामहरूमा दाबी-विरोध दर्ता गर्ने अन्तिम मिति: २०८२ भाद्र १५ गते अपराह्न ५:०० बजेसम्म।

३. अन्तिम मतदाता नामावली प्रकाशन: २०८२ भाद्र १६ गते।

४. एक सदस्यले एउटै पदका लागि मात्र उम्मेदवारी दिन सक्नेछन्। उम्मेदवारको योग्यता सम्बन्धित पदका लागि संस्थाको विधानमा तोकिएकै बमोजिम हुनेछ।

५. मतदाता नामावलीमा नाम समावेश भएकाहरू मात्र उम्मेदवार, प्रस्तावक तथा समर्थक हुन योग्य हुनेछन्।

६. उम्मेदवारले रु. २,५०० (अक्षरेपी दुई हजार पाँच सय रुपैयाँ मात्र) तिरी मनोनयनपत्र प्राप्त गर्न सक्नेछन्। मनोनयनपत्र दर्ता गर्दा नेपाल मेडिकल काउन्सिलको दर्ता प्रमाणपत्र वा संस्थाको सदस्यता प्रमाणपत्रको प्रतिलिपि अनिवार्य रूपमा संलग्न गर्नु पर्नेछ।

७. उम्मेदवारद्वारा मनोनयनपत्र दर्ता गर्ने मिति:

२०८२ भाद्र १८ गते विहान १०:०० बजेदेखि बेलुका ५:०० बजेसम्म

२०८२ भाद्र १९ गते विहान १०:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म

८. उम्मेदवारहरूको प्रारम्भिक नामावली प्रकाशन: २०८२ भाद्र १९ गते साँझ ५:०० बजे।

९. उम्मेदवारको दाबी-विरोध दर्ता तथा उम्मेदवारी फिर्ता लिने मिति: २०८२ भाद्र २३ गते विहान १०:०० बजेदेखि अपराह्न ५:०० बजेसम्म।

१०. उम्मेदवारहरूको अन्तिम नामावली प्रकाशन: २०८२ भाद्र २४ गते।

११. मतदान केन्द्र: GPEMAN को कार्यालय परिसर, नेपाल चिकित्सक संघ, प्रदर्शनी मार्ग, काठमाडौं।

१२. मतदान केन्द्रमा गोप्य मतदान: २०८२ भाद्र २८ गते विहान १०:०० बजेदेखि अपराह्न २:०० बजेसम्म।

१३. मतगणना र विजयी उम्मेदवारहरूको नामावली घोषणा: २०८२ भाद्र २८ गते अपराह्न ३:०० बजेपछि।

**GPEMAN, निर्वाचन समिति**